# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग

परिपत्र संख्या : ६/नि.वि./२०७७७८ 	मितिः २०७८।०१।०७

च.नं.:१५०५

श्री बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र बजार, क्रेडिट रेटिङ्ग संस्था तथा सम्पूर्ण धितोपत्र व्यवसायीहरु ।

विषयः सेवा प्रवाह गर्दा सावधानी अपनाउने सम्बन्धमा ।

महाशय,

विश्वभर फैलिदै गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको संक्रमण नेपालमा समेत बढ्दै गएकोले सोको रोकथाम तथा नियन्त्रणका लागि यस बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र बजार तथा सम्पूर्ण धितोपत्र व्यवसायीहरुले समेत संक्रमणलाई फैलिनबाट रोक्न देहायका व्यवस्थाको पालना गर्दै धितोपत्र बजार र धितोपत्र कारोबारलाई सुरक्षित तवरले संचालन गर्ने/गराउने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ ।

१. कार्यालय स्थलमा सेवाग्राही तथा कर्मचारीहरुलाई मास्क र सेनिटाइजरको प्रयोग अनिवार्य गर्ने/गराउने ।
२. नेपाल सरकारले तोकेको जनस्वास्थ्य सम्वन्धी मापदण्डको पूर्ण पालना गर्ने/गराउने ।
३. कार्यालय हाता भित्र पच्चीस जना भन्दा बढी नहुने गरी सेवाग्राही बीच दुई मिटरको भौतिक दुरी कायम हुने गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।
४. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, बैंठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा सकेसम्म भर्चुअल माध्यमबाट गर्ने/गराउने ।
५. सेवा प्रवाहलाई निरन्तर रुपमा सुचारु गर्न आफ्नो संस्थाका कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्डको पालना गर्ने गरी परिचालन गर्ने । सेवाग्राहीको भिडभाड कम गर्ने अभिप्रायले सकेसम्म सेवा प्रवाह गर्दा विद्युतीय माध्यमको प्रयोग गर्ने/गराउने ।
६. कोभिड-१९ को सक्रमणबाट बच्न तथा बचाउन नेपाल सरकारले कोभिड-१९ रोकथामका लागि अपनाएका आवश्यक उपायहरुको साथै बोर्डले यस अघि दिएका निर्देशनहरुको पूर्ण पालना गर्ने/गराउने ।

भवदीय,

(निरज गिरी)
कार्यकारी निर्देशक

**सादर अवगतार्थ :**

श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड ।

**बोधार्थः**

श्री सुपरिवेक्षण तथा अनुसन्धान विभाग, नेपाल धितोपत्र बोर्ड ।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np